**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

*इ.प्रा.परिपत्र संख्याः- ४३०* *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

बिषयः **विदेशी लगानीकर्ताहरूले प्राप्त गर्ने लाभांश वापतको सटही सुविधा सम्बन्धमा ।**

महाशय,

विदेशी लगानीकर्ताहरूले आ-आफनो लगानीबाट प्राप्त हुने लाभांश स्वदेश लैजानको लागि नेपाल राष्ट्र बैकको स्वीकृति आवश्यक नपर्ने, सम्बन्धित बैंक/वित्तीय संस्थाहरू मार्फत सोझै फिर्ता लैजान पाउने सम्बन्धमा निम्न व्यबस्था लागू गरिएको हुँदा सोही बमोजिम गर्न/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. तथ्याङ्क प्रयोजनको लागि सम्बन्धित बिदेशी लगानीकर्ताहरूले यसैसाथ संलग्न ढाँचा (अनुसूची क) बमोजिमको निवेदन शुरूमा एक पटक यस बैकमा दिनु पर्नेछ ।

२. दफा १ अनुसारको निवेदन प्राप्त भएपछि त्यस्ता बिदेशी लगानीकर्ताहरूको लागि आवश्यक बिबरण खुलाई यस बैंकबाट सम्बन्धित बैंक/वित्तीय संस्थाको नाममा संलग्न ढाँचा अनुसारको स्थायी सटही अनुमतिपत्र उपलव्ध गराइनेछ ।

३. दफा २ अनुसारको सटही अनुमतिपत्रको आधारमा सम्बन्धित बैंक/वित्तीय संस्थाले नै लाभांशवापतको सटही प्रदान गर्न सक्नेछ ।

४. यसरी प्रदान गरिएको सटहीको बिबरण यस बिभागलाई अनिवार्य रुपले उपलव्ध गराउनु पर्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा.परिपत्र संख्या ४३० को प्रयोजनको लागि)

श्री .........................

...............................

बिषयः लाभांश वापतको सटही अनुमति वारे ।

महाशय,

निम्न कम्पनीका वैदेशिक लगानीकर्तालाई निम्न कागजातहरूको आधारमा आर्थिक वर्ष ............. देखिको लाभांश वापतको सटही तहाँबाटै प्रदान गर्न सकिने गरी यो सटही अनुमतिपत्र जारी गरिएको छ ।

१. नेपाली कम्पनीको नामः

२. विदेशी लगानीकर्ताको नाम, ठेगानाः

३. कुल भुक्तानी पूँजीमा विदेशी लगानीकर्ताको लगानी अनुपातः

माथि उल्लेख गरे वमोजिम सटही प्रदान गर्नु अघि (क) सम्वन्धित कम्पनीको लेखा परीक्षण प्रतिवेदन (ख) लाभांश वितरण वारे सञ्चालक समिति र वार्षिक साधारण सभाको निर्णय (ग) प्रचलित कानून वमोजिम बुझाउनु पर्ने कर बुझाएको निस्सा लिनुपर्नेछ ।

साथै, सटही प्रदान गर्दा कुल भुक्तानी पूँजीमा विदेशी लगानीकर्ताको लगानीको अनुपात ननाघ्नेगरी मात्र लाभांश सटही प्रदान गर्नुपर्नेछ । यसरी सटही प्रदान गरिसकेपछि उक्त सटहीको जानकारी यस विभागलाई दिनुपर्नेछ ।

भवदीय,

............................ ..............................

उप-निर्देशक निर्देशक



(इ.प्रा.परिपत्र संख्या ४३० को प्रयोजनको लागि)

(अनुसूची “क”)

श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
आयात शाखा
बालुवाटार, काठमाडौं ।

**बिषयः <u>लाभांश सटही वारे</u> ।**

महाशय,

यस कम्पनीमा विदेशी लगानीकर्ताको निम्न वमोजिमको लगानी भएको हुँदा उक्त विदेशी लगानीकर्ताले नियमानुसार पाउने यस कम्पनीको लाभांश वापतको सटही अनुमतिपत्र निम्न बैंक/वित्तीय संस्थामार्फत पाउने गरी स्थायी सटही अनुमति पाउन अनुरोध गरेको छु ।

१. नेपाली कम्पनीको नामः

२. विदेशी लगानीकर्ताको नाम, ठेगानाः

३. लगानी गर्न स्वीकृतिप्राप्त भएको मितिः

४. विदेशी लगानीकर्ताको कुल लगानी रकमः

५. विदेशी लगानीकर्ताले लगानी भित्र्याएको मिति र रकमः

६. कम्पनीको कुल भुक्तानी पूँजीमा विदेशी कम्पनीको लगानी अनुपातः

७. सटही लिने बैंक/वित्तीय संस्थाको नाम र ठेगानाः

भवदीय,

....................................

अधिकृत दस्तखत